प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल ।

फोन नं. ०६१-४६७७३२
०६१-४६७७३३
फ्याक्स नं. ०६१-४६७७११
Email:-moialp4@gmail.com
Web:-
www.moial.gandaki.gov.np

**प्रथम पटक प्रकाशित मिति :- २०७७/०८/०८**

**सीपमूलक तालिमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

यस मन्त्रालयको आ.व. २०७७।०७८ का लागि स्वीकृत कार्यक्रम अनुसार **शहीदका परिवार, अपांगता भएका र बेपत्ता ब्यक्तिका परिवार एवम् द्वन्द्व पीडित व्यक्ति तथा परिवारलाई** स्वरोजगार वनाई जीविकोपार्जनमा सघाउ पुर्याउने उद्देश्यले **च्याउ खेती, गोलभेडा खेती र बाखापालन** सम्वन्धी सीपमूलक तालिम संचालन गर्ने कार्यक्रम भएको हुँदा उक्त तालिमहरु मध्ये कुनै एक तालिम लिन ईच्छुक **गोरखा** जिल्लाका जिल्ला शान्ति समितिमा सूचीकृत शहीदका परिवार, द्वन्द्वका कारण अपांगता भएका, बेपत्ता ब्यक्तिका परिवार एवम् द्वन्द्व पीडित व्यक्ति तथा परिवारले तपशील बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले तीस(३०) दिन भित्र (मिति २०७७।०९।०७ गते सम्म) गोरखा जिल्लाका कृषि ज्ञान केन्द्र (च्याउ खेती / गोलभेडा खेतीका लागि) र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा (बाखापालनका लागि) निवेदन दर्ता गर्नुहुन जानकारी गराइन्छ । आवेदन फाराम सम्वन्धित कृषि ज्ञान केन्द्र एवम् भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा उपलब्ध हुनेछ, साथै यस मन्त्रालयको वेबसाईट moial.gandaki.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ । तालिमका लागि आवेदन दर्ता भई छनौट भएका प्रशिक्षार्थीहरुको नामावली प्रकाशन भएपश्चात् कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट तोकिएको समय र स्थानमा तालिम संचालन गरिनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

ख) यस अगाडी यस्तै वा अन्य सीपमूलक तालिम लिएको भए सो को प्रमाण ।

ग) द्वन्द्वका कारण अपांगता/घाइते भएका व्यक्तिले द्वन्द्वका कारण अपांगता/घाइते भएको पुष्टि हुने कागजात ।

घ) बाबु / आमा / दाजुभाई / दिदीबहिनी शहीद वा बेपत्ता भएको भए सो को पुष्टि हुने कागजात।

ङ) परिवारको कुनै सदस्य स्वदेशमै वा विदेशमा रोजगार भएको भए सो को पुष्टि हुने कागजात।

च) विदेशमा काम गरी सीप आर्जन गरी आएको पुष्टि हुने कुनै कागजात ।

**सम्पर्क:**

१. कृषि ज्ञान केन्द्र, गोरखा : ०६४-४२०११३ (च्याउ खेती र गोलभेडा खेती तालिमका लागि)

२. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा : ०६४-४१११६३/४११२५१ (बाखापालन तालिमका लागि)

**अधिकृत सातौं**